नेपाल सरकार

शिक्षक सेवा आयोग

## प्राथमिक तह, तृतीय श्रेणी, शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन-२०७९

(प्रथम पटक प्रकाशित मिति २०७९/१२/०९ गते)

सामुदायिक विद्यालयको प्राथमिक तह, तृतीय श्रेणी, शिक्षक पदमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले आयोगको आधिकारिक अनलाइन दरखास्त प्रणाली https://online.tsc.gov.np/ बाट अनलाइन दरखास्त दिनुहुन यो विज्ञापन प्रकाशित गरिएको छ ।

| जिल्ला कोड | समूह ➡ | खुला | महिला | दलित महिला | मुस्लिम महिला | आ.ज. | मधेशी | दलित | अपाङ्गता | पि.क्षे. | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन नं.➡ | १०१ /७९/८० | १०२ /७९/८० | १०३ /७९/८० | १०४ /७९/८० | १०५ /७९/८० | १०६ /७९/८० | १०७ /७९/८० | १०८ /७९/८० | १०९ /७९/८० | |
| | जिल्ला | कोशी प्रदेश | | | | | | | | | |
| ०१ | ताप्लेजङ | १७ | *१६ | *१ | *१ | *१८ | *२२ | *१० | *५ | १ | ९१ |
| ०२ | पाँचथर | ३० | *२८ | *१ | *१ | *३० | *२४ | *११ | *७ | १ | १३३ |
| ०३ | इलाम | ८ | २ | ० | ० | *१७ | *२४ | *११ | *६ | ० | ६८ |
| ०४ | झापा | ३८ | १० | ० | *१ | *२८ | *२५ | *१५ | *८ | *३ | १२८ |
| ०५ | सङ्खुवासभा | ५२ | *२९ | *२ | *१ | *२१ | *२६ | *१२ | *५ | *४ | १५२ |
| ०६ | तेह्रथुम | १३ | *७ | *१ | *१ | *१६ | *१६ | *१० | *४ | *१ | ६९ |
| ०७ | धनकुटा | २५ | *२३ | *१ | ० | *२२ | *१८ | *८ | *४ | *४ | १०५ |
| ०८ | भोजपुर | ५० | १२ | *२ | *१ | ११ | *१८ | *१२ | *८ | १ | ११५ |
| ०९ | मोरङ | १६ | ४ | ० | *१ | ३ | *१७ | *११ | *४ | १ | ५७ |
| १० | सुनसरी | १२ | *६ | *१ | ० | *१२ | *१४ | *८ | *५ | *२ | ६० |
| ११ | सोलुखुम्वु | १२ | *१६ | *१ | ० | *१५ | *१३ | *५ | *४ | *२ | ६८ |
| १२ | खोटाङ | ३१ | ९ | *१ | *१ | *१४ | *२४ | *८ | *३ | १ | ९२ |
| १३ | ओखलढुङ्गा | १८ | *१७ | *१ | *१ | *२१ | *१७ | *९ | *५ | *३ | ९२ |
| १४ | उदयपुर | ३४ | *२० | १* | *१ | *२८ | *२३ | *१० | *६ | *२ | १२५ |
| | | | | | | | | | | जम्मा | १३५५ |
| | | मधेश प्रदेश | | | | | | | | | |
| १५ | सप्तरी | *३३ | *३१ | *१ | ० | *२६ | *२१ | *९ | *५ | *४ | १३० |
| १६ | सिरहा | *५३ | *२० | *१ | ० | *१७ | *१३ | *६ | *३ | *२ | ११५ |
| २० | धनुषा | ७ | *१६ | *१ | ० | *१३ | *११ | *५ | *२ | *२ | ५७ |
| २१ | महोत्तरी | ४८ | *२९ | *२ | ० | *२५ | *२० | *८ | *५ | *३ | १४० |
| २२ | सर्लाही | *७२ | *३५ | *१ | *१ | *३० | *२५ | *१० | *५ | *४ | १८३ |
| ३५ | रौतहट | *५६ | *२८ | *१ | ० | *२५ | *१९ | *८ | *४ | *४ | १४५ |
| ३६ | वारा | *३२ | *४२ | *१ | *१ | *३५ | *२९ | *१२ | *७ | *६ | १६५ |
| ३७ | पर्सा | *६१ | *३८ | *१ | *१ | *३३ | *२७ | *११ | *६ | *४ | १८२ |
| | | | | | | | | | | जम्मा | ११९७ |
| | | वागमती प्रदेश | | | | | | | | | |
| १७ | दोलखा | १८ | ५ | *१ | *१ | *२० | *२० | *८ | *७ | *३ | ८३ |
| १८ | रामेछाप | *५४ | *३३ | *१ | ० | *२८ | *२३ | *९ | *५ | *४ | १५७ |
| १९ | सिन्धुली | १०२ | *४० | *२ | *१ | *३८ | *३८ | *१८ | *१० | *८ | २५७ |
| २३ | सिन्धुपाल्चोक | २९ | ८ | ० | *१ | ७ | *३३ | *११ | १ | १ | ९१ |
| २४ | रसुवा | १४ | *१० | ० | ० | *११ | *९ | *४ | *२ | *१ | ५१ |
| २५ | नुवाकोट | ३७ | १० | *१ | *१ | *३२ | *३२ | *१४ | *८ | *५ | १४० |
| २६ | धादिङ | ४२ | १२ | *१ | *१ | *२६ | *२९ | *१२ | *५ | *४ | १३२ |
| २७ | काभ्रेपलान्चोक | २० | ६ | ० | *१ | ४ | *२४ | *६ | *३ | १ | ६५ |
| २८ | भक्तपुर | ६१ | १५ | १ | ० | १३ | ११ | ४ | ३ | २ | ११० |
| ३२ | ललितपुर | ३ | १ | ० | ० | १ | ० | ० | ० | ० | ५ |
| ३३ | मकवानपुर | १९ | ५ | *१ | ० | ४ | *२२ | *१० | *२ | १ | ६४ |
| ३४ | चितवन | २४ | ७ | ० | *१ | *७ | *२६ | *१२ | *४ | *५ | ८६ |
| | | | | | | | | | | जम्मा | १२४१ |

उप सचिव

| जिल्ला कोड | समूह ➡ | खुला | महिला | दलित महिला | मुस्लिम महिला | आ.ज. | मधेशी | दलित | अपाङ्गता | पि.क्षे. | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन नं. ➡ | १०१ /७९/८० | १०२ /७९/८० | १०३ /७९/८० | १०४ /७९/८० | १०५ /७९/८० | १०६ /७९/८० | १०७ /७९/८० | १०८ /७९/८० | १०९ /७९/८० | |
| | | | | | | गण्डकी प्रदेश | | | | | |
| ३० | नवलपरासी पूर्व | ९४ | २४ | *२ | ० | २० | *३० | *१२ | *५ | *५ | १९२ |
| ३८ | गोरखा | ३६ | १० | ० | *१ | ८ | *२२ | *६ | *५ | १ | ८९ |
| ३९ | मनाङ | *३ | १ | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| ४० | लमजुङ | २४ | ६ | ० | ० | ५ | *१४ | २ | *३ | *२ | ५६ |
| ४१ | कास्की | २१ | ६ | ० | ० | *१४ | *१६ | *४ | *३ | *३ | ६७ |
| ४२ | तनहु | ६४ | १६ | १ | *१ | १४ | *२७ | ५ | *६ | २ | १३६ |
| ४३ | स्याङ्जा | १२ | ३ | ० | ० | *३० | *१६ | *११ | *६ | ० | ७८ |
| ५० | मुस्ताङ | *१५ | *६ | ० | ० | *५ | *४ | *२ | १ | ० | ३३ |
| ५१ | म्याग्दी | ८ | २ | ० | ० | *१२ | *१३ | *२ | *२ | *२ | ४१ |
| ५२ | वाग्लुङ | ६५ | १६ | १ | *१ | १४ | १२ | ५ | ३ | २ | ११९ |
| ५३ | पर्वत | ९ | २ | ० | ० | *१६ | *९ | *६ | *२ | *२ | ४६ |
| | | | | | | | | | | जम्मा | ८६१ |
| | | | | | | लुम्बिनी प्रदेश | | | | | |
| ३१ | रुकुम पूर्व | ६ | *५ | ० | ० | *६ | *७ | *४ | *१ | *१ | ३० |
| ४४ | नवलपरासी पश्चिम | १४ | *७ | ० | ० | *११ | *९ | *४ | *२ | *१ | ४८ |
| ४५ | पाल्पा | १४ | ४ | ० | ० | ३ | *१५ | *६ | *५ | *१ | ४८ |
| ४६ | गुल्मी | १२ | ३ | ० | *१ | *१९ | *९ | *११ | *६ | ० | ६१ |
| ४७ | अर्घाखाँची | १ | ० | ० | *१ | *१४ | *१२ | *३ | *३ | ० | ३४ |
| ४८ | रुपन्देही | ७ | २ | ० | *१ | *६ | *६ | *६ | *३ | *२ | ३३ |
| ४९ | कपिलवस्तु | १३ | ३ | ० | *१ | ३ | २ | *२ | *२ | ० | २६ |
| ५५ | रोल्पा | १७ | ४ | *१ | ० | ३ | *१४ | *५ | *३ | *२ | ४९ |
| ५७ | प्यूठान | ३१ | ९ | ० | ० | ७ | *१४ | *४ | *३ | *३ | ७१ |
| ५८ | दाङ | ३२ | ९ | ० | ० | ७ | *१७ | *४ | *२ | *२ | ७३ |
| ६७ | बाँके | १४ | ४ | ० | ० | ३ | *७ | १ | १ | ० | ३० |
| ६८ | बर्दिया | १२ | ३ | ० | ० | २ | *११ | *४ | *३ | ० | ३५ |
| | | | | | | | | | | जम्मा | ५३८ |
| | | | | | | कर्णाली प्रदेश | | | | | |
| ५४ | रुकुम पश्चिम | *१५ | *४ | ० | ० | *४ | *३ | *२ | ० | ० | २८ |
| ५६ | सल्यान | १५ | ४ | *१ | ० | *८ | *७ | *२ | *४ | १ | ४२ |
| ५९ | हुम्ला | *११ | *८ | ० | ० | *६ | *६ | *२ | *२ | *१ | ४८ |
| ६० | मुगु | *३४ | *१३ | ० | ० | *१० | *८ | *४ | *२ | *१ | ७२ |
| ६१ | डोल्पा | *१७ | *११ | ० | ० | *१० | *८ | *४ | *२ | *१ | ५३ |
| ६२ | कालिकोट | *२४ | *१० | ० | ० | *७ | *६ | *३ | *१ | *१ | ५२ |
| ६३ | जुम्ला | *२१ | *७ | ० | ० | *६ | *४ | *२ | *१ | ० | ४१ |
| ६४ | जाजरकोट | २ | *७ | ० | ० | *८ | *६ | *२ | *२ | ० | २७ |
| ६५ | दैलेख | २६ | ७ | *१ | ० | *२१ | *१४ | *४ | १ | १ | ७५ |
| ६६ | सुर्खेत | ९ | ३ | ० | *१ | *३ | *१७ | १ | ० | ० | ३४ |
| | | | | | | | | | | जम्मा | ४७२ |
| | | | | | | सुदूरपश्चिम प्रदेश | | | | | |
| ६९ | बाजुरा | ६ | *३ | ० | ० | *८ | *७ | *२ | *१ | ० | २७ |
| ७० | बझाङ | १० | *५ | *१ | ० | *११ | *११ | *४ | *३ | ० | ४५ |
| ७१ | अछाम | १३ | ४ | ० | ० | *११ | *९ | *३ | *३ | ० | ४३ |
| ७२ | डोटी | १८ | ५ | *१ | ० | *१८ | *१८ | *५ | *३ | ० | ६८ |
| ७३ | कैलाली | ११ | ३ | ० | ० | २ | *७ | *४ | *२ | ० | २९ |
| ७४ | दार्चुला | ३६ | *१४ | *१ | ० | *२० | *२० | *८ | *२ | १ | १०२ |
| ७५ | बैतडी | २६ | ७ | ० | *१ | ६ | *१८ | २ | १ | १ | ६२ |
| ७६ | डडेल्धुरा | ७ | २ | *१ | ० | *१३ | *१० | १ | *१ | *१ | ३६ |
| ७७ | कञ्चनपुर | ५ | १ | ० | ० | *२ | *८ | १ | ० | ० | १७ |
| | | | | | | | | | | जम्मा | ४२९ |
| | | | | | | कुल जम्मा | | | | | ६०१३ |

उप सचिव

१. **परीक्षाको किसिम:** (क) लिखित परीक्षा (सामान्य र विषयगत)
(ख) अन्तर्वार्ता

२. **परीक्षा सञ्चालनः**

(क) लिखित परीक्षा (सामान्य) सञ्चालन हुने मिति र समयः २०८०/०२/२० गते अपरान्ह १:०० बजे ।

(ख) लिखित परीक्षा (विषयगत) को मिति सामान्य परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ ।

(ग) अन्तर्वार्ता हुने मिति, समय र स्थानः लिखित परीक्षा (विषयगत) को नतिजा प्रकाशन हुँदा तोकिनेछ ।

३. **परीक्षा केन्द्रः** आयोगको वेबसाइटमा पछि प्रकाशन गरिनेछ।

४. **दरखास्त दस्तुरः** रु.५००/ (प्रत्येक समावेशी समूहको लागि थप रु. ४००/-का दरले) बुझाउनु पर्नेछ ।

५. **दरखास्त दिने अन्तिम मितिः** २०८०।०१।०८ गते ।

६ **दोब्बर दस्तुर बुझाई दरखास्त दिने मितिः** २०८०।०१।१५ गतेसम्म ।

७. **उम्मेदवारको उमेरको हद:** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।

८. **दरखास्तको माध्यमः**

विज्ञापन भएको पदमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त दिनुपर्नेछ । आयोगको आधिकारिक वेबसाइट https://online.tsc.gov.np/ मा Click गरी अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त पेस गर्न सकिनेछ र दरखास्त पेस गर्ने विधि सम्बन्धी विस्तृत जानकारी आयोगको Website (add: user manual Link) मा हेर्न सकिनेछ ।

९. **दरखास्त दस्तुर बुझाउने बैंक र विधि:** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फाराम **submit** गर्नुपर्नेछ । फाराम submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भएको त छैन ? एक पटक यकिन गर्ने । यकिन गरिसकेपछि दरखास्त पेस गरेको विवरणमा Click गर्ने । दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा सोही अनुसार विवरण यकिन गर्नुहोस् । त्यसपछि आफूले **Apply** गरेको विज्ञापनमा दस्तुर बुझाउन यहाँ क्लिक गर्नुहोस मा **Click** गर्ने | बैंक **Option** मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेडमध्ये कुनै एक **Option** छनोट गर्ने । बैंक छनोट गरिसकेपछि भौचर प्राप्त गर्नुहोस मा **Click** गर्ने | त्यसपछि भौचर प्रिन्ट गरी सोही भौचरसहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ । **Online payment** गर्नेको हकमा भौचर जेनरेट भएपछि त्यस **Page** मा अनलाइन भुक्तानी गर्नुहोस मा **Click** गर्ने । त्यसपछि **online voucher generate** हुन्छ जसमा रकम भुक्तानी गर्ने विकल्पहरु मध्ये त्यहाँ भएका कुनै एक विकल्प छनोट गरी **Click** गर्ने । तत्पश्चात रकम भुक्तानी गर्नुहोस मा **Click** गर्ने । त्यसपछि छनोट गरिएको विकल्पमा Username and password हाली **Online Payment** मा आफ्नो नाम सहितको विवरण मिलेमा तोकिएको रकम सिङ्गल र दोब्बर दस्तुरको लागि तोकिएको मितिभित्र अनिवार्य रुपमा दाखिला गर्ने । रकम दाखिला भए नभएको यकिन गरी रकम दाखिला (**Payment**) को सत्यापन भएपछि मात्र आफ्नो निवेदन दाखिला भयो भनी सुनिश्चित हुने । प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्नेछ । यसका लागि **आफ्नो इमेल, उम्मेदवार सङ्केत नम्बर र पासवर्ड सुरक्षित** साथ राख्ने ।

१०. **दरखास्त दस्तुर बुझाउने अवधिः-**

दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट अघिल्लो दिनसम्म प्रिन्ट गरेको भौचर बैंकिङ्ग कारोवार हुने समयभित्र र दोब्बर दस्तुर तिरी दरखास्त पेस गर्नेको हकमा सो को अन्तिम दिनको भोलिपल्ट अघिल्लो दिनसम्म प्रिन्ट गरेको भौचरमा उल्लिखित दस्तुर बैंकिङ्ग कारोवार हुने समयभित्र अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ । तर सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बुझाउन सकिनेछ ।

११. **उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः-**

(क) नेपाली नागरिक ।

(ख) शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम १० बमोजिम अयोग्य नभएको ।



उप सचिव

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको ।

(घ) प्राथमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।

(ङ) माथिल्लो तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्तिहरु समेत यस विज्ञापनमा उल्लिखित शिक्षक पदको लागि उम्मेदवार हुन सक्नेछन् । तर त्यस्ता व्यक्तिहरुले समेत शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको हुनु पर्नेछ ।

**१२. अपलोड गर्नुपर्ने कागजातहरुः-**

नागरिकताको प्रमाणपत्र, हालसालै खिचेको फोटो, दस्तखत नमुना, न्यूनतम योग्यताको लब्धाङ्कपत्र, तालिमको प्रमाणपत्र र समकक्षता प्रमाणपत्र (बिदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा) Scan गरी अनलाइन दरखास्त प्रणालीले निर्दिष्ट गरेको स्थानमा jpeg/jpg format (**बढीमा 200 KB**) मा upload गर्नुपर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरण र पेस गरिएका कागजातका सम्बन्धमा उम्मेदवार स्वयम् नै पूर्ण जवाफदेही हुनु पर्नेछ । उल्लेखित विवरण एवम् कागजात झुट्टा ठहरेमा वा तोकिएको कागजात पेस नगरेमा त्यस्तो दरखास्त जुनसुकै समयमा रद्द हुनेछ ।

**१३. समावेशी तर्फका उम्मेदवारहरुले पेस गर्नुपर्ने थप कागजातहरुः-**

(क) आदिवासी/जनजातिको सम्बन्धमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको कागजात ।

(ख) विज्ञापित मधेशी समूहको हकमा तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदायका सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय हो भनी प्रमाणित गरेको कागजात र त्यसरी नतोकिएको भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय हो भनी प्रमाणित गरेको कागजात ।

(ग) दलितका सम्बन्धमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थर भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको कागजात ।

(घ) अपाङ्गताको हकमा सरोकारवाला निकाय (समाज कल्याण परिषद्, महिला विकास कार्यालय र सम्बन्धित स्थानीय तह) बाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र ।

(ङ) पिछडिएको क्षेत्रको सम्बन्धमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट दरखास्त दिंदाको बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको हो भनी प्रमाणित भएको कागजात ।

**१४. विज्ञापन सम्बन्धी थप जानकारीः-**

(क) यस विज्ञापनको प्रतिस्पर्धा र छनोट जिल्लास्तरमा हुनेछ ।

(ख) लिखित परीक्षा एकै दिन एकै समयमा हुने हुँदा कुनै पनि उम्मेदवारले एक जिल्लामा मात्र दरखास्त फाराम भर्न सक्नेछन् । यदि सो नगरेको कारणले दरखास्त फाराम अस्वीकृत हुन गएमा उम्मेदवार स्वयम् जवाफदेही र जिम्मेवार हुनेछन् ।

(ग) एउटै परीक्षा मार्फत खुला र समावेशी समूहहरूको उम्मेदवार छनोट गरिनेछ ।

उप सचिव

(घ) आदिवासी/जनजाति; तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान वा दलित समूहबाट उम्मेदवार हुने व्यक्तिले कुनै एक समुदायको उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धी गर्न सक्नेछ । तर महिलाको हकमा यो व्यवस्था लागू हुने छैन ।

(ङ) कुनै उम्मेदवारले २०० पूर्णाङ्कको शिक्षा सम्बन्धी विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गर्दा Teaching Practice (Instructional Pedagogy) वा Practicum विषय लिएको भएमा मात्र तालिम प्राप्त गरेको मानिनेछ ।

(च) कुनै व्यक्तिले १० महिने तालिम लिई तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद्को विशेष पाठ्यक्रमबाट कक्षा १२ उत्तीर्ण गरेको भए त्यसलाई शैक्षिक उपाधिको मान्यता नदिई तालिम प्रयोजनको लागि मात्र मान्यता दिइएको हुँदा त्यस्ता व्यक्ति यो विज्ञापनमा उम्मेदवार हुन सक्ने छैनन् ।

(च) कुनै उम्मेदवारले पिछडिएको क्षेत्रबाट दरखास्त फाराम भर्दा शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ११क. को उपनियम (१) को स्पष्टीकरणको देहाय (२) मा उल्लिखित जिल्लाबाट नागरिकता प्रमाणपत्र जारी हुँदा जन्मस्थान र स्थायी बसोबास ती जिल्लाहरुमा भएमा मात्र पिछडिएको क्षेत्रको सुविधा पाइनेछ । तर बिबाह दर्ता वा बसाईं-सराईं गरेको कागजातको आधारमा सो क्षेत्रको सुबिधा पाइने छैन।

(छ) बिज्ञापन प्रकाशन भएको मितिले २१ दिनभित्र पद सङ्ख्या थपघट गर्न सम्बन्धित निकायबाट लेखि आएमा सो पद सङ्ख्याले समावेशी समूहमा असर नपर्ने भएमा मात्र समावेशी समूहमा थपघट हुन सक्नेछ ।
दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन ।

(ज) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रित नपुगेको वा कुनै शर्त राखिएको दरखास्त स्वीकृत गरिने छैन ।

(झ) कुनै उम्मेदवारले झुट्टा विवरण (कागजात) पेस गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त जुनसुकै बखत रद्द गरी प्रचलित कानूनबमोजिम कारवाही गरिनेछ ।

(ञ) अपाङ्गता भएको कारण आफैले लेख्न नसक्ने (दृष्टिविहीन, 'ग' वर्गको न्यून दृष्टि र दुबै हात नचल्ने (अपाङ्गता) उम्मेदवारले सहयोगी लेखक माग गरेमा सम्बन्धित तहका लागि तोकिएको न्यूनतम योग्यताभन्दा कम्तीमा एक तह मुनिको योग्यता भएको व्यक्तिलाई सहयोगी लेखकको रूपमा परीक्षामा बस्न उम्मेदवारको स्थायी बसोबास भएको जिल्ला वा परीक्षा केन्द्र रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइले अनुमति दिन सक्नेछ । यस्तो सहयोगी लेखकले तोकिएको न्यूनतम योग्यता एक वर्ष अगाडि मात्र उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ट) विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

(ठ) लिखित परीक्षा (सामान्य) मा उत्तीर्ण हुने उम्मेदवार मात्र विषयगत परीक्षामा सहभागी हुन पाउनेछन् ।

(ड) शिक्षक सेवा आयोगबाट मिति २०७८/०९/१४ गते प्राथमिक तह, तृतीय श्रेणी, शिक्षक पदको लागि गरिएको विज्ञापनमा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ११क. मा उल्लेखित कानुनी प्रावधान बमोजिम उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेको पद सम्बन्धित समूहमा तारा (*) चिह्नद्वारा सङ्केत गरी यो विज्ञापनमा समावेश गरिएको छ । यो विज्ञापनमा पनि ती समूहबाट उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरिनेछ ।

(ढ) आयोगको वेबसाइट www.tsc.gov.np/डाउनलोड मा Click गरी पाठ्यक्रम/नमुना प्रश्नपत्र प्राप्त गर्न सकिनेछ ।

उप सचिव